बन्दिपुर गाउँपालिका
Bandipur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
बन्दिपुर, तनहुँ
Bandipur, Tanahun
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

प. सं. (Ref. No.):-२०७९/८० मिति(Date):-२०८०/०३/२८
च. नं. (Des. No.):-

पृश्वी राजमार्ग आसपासमा भवन लगायत निजि संरचना निर्माण नगर्ने नगराउने सम्बन्धी सूचना ।

प्रस्तुत वियको सम्बन्धमा मुग्लिन पोखरा सडक आयोजना(पूर्वी खण्ड) कार्यालयको प्राप्त पत्रानुसार पृश्वि राजमार्ग आसपासको सडक मापदण्ड भित्र कुनै पनि भवन लगायत निजी संरचना निर्माण नगर्न/नगराउन पटक पटक सूचना भई आएकोमा यस बन्दीपुर गाउँपालिका अन्तर्गत पृश्वी राजमागर्ग आसपासको सडक मापदण्ड भित्र(सडकको सेन्टरबाट २५/२५ मिटर दायाँ बायाँ सडकको क्षेत्रधिकार रहेको) कुनै पनि भवन लगायत निजी संरचना निर्मान नगर्नु/नगराउनु हुन अनुरोध गरिन्छ साथै सडक मापदण्ड बाहिर संरचना निर्माण गर्नुपर्ने भएमा सडकको सेन्टरवाट २५ मिटर सडक मापदण्ड र ६ मिटर सेडब्याक गरि जम्मा ३१ मिटर छोडी नियमानुसार घर नक्सा पास गराई संरचना निर्माण गर्नु/गराउनु हुन सरोकारवाला सवैको लागि यो सूचना प्रकाशित गरिन्छ साथै कोही कसैले मात्र राजमार्ग आसपासको सडक मापदण्ड भित्र/बाहिर वा अन्य प्रचलित प्रावधान र भवन संहिता विपरित संरचना निर्माण गरेमा गराएमा प्रचलित कानून वमोजिम कारवाही भै-जाने तथा भविष्यमा गाउँपालिका तथा अन्तर्गतका वडाहरुबाट उपलब्ध गराउने सेवा सूविधा वाट समेत वञ्चित गरिने व्यहोरा समेत सूचित गरिनेछ ।

## स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४१ मा भएको कानुनी व्यवस्था

**भवन, संरचना भत्काउने र लागेको खर्च असुल गर्ने:** (१) दफा ३९ को उपदपा (४) वा (५) वमोजिम कुनै भवन, संरचना वा त्यसको कुनै भाग भत्काउने आदेश भएमा त्यस्तो आदेश उपर दफा ४० बमोजिम पुनरावेदन परेकोमा जिल्ला अदालतवाट त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउने गरी निर्णय सदर भएको मितिले पैतीस भित्र र पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद नाघेको मितिले पैतीस दिन भित्र सम्बन्धित व्यक्तिले अध्यक्ष वा प्रमुख को आदेश वा जिल्ला अदालतको निर्णयय बमोजिम त्यस्तो भवन, संरचना वा तसयको कुनैभाग भत्काउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र सम्बन्धित व्यक्तिले त्यस्तो भवन, संरचना वा त्यसको कुनै भाग नभत्काएमा गाउँपालिका वा नगरपालिकाले नै त्यस्तो भवन, संरचना वा त्यसको कुनै भाग भत्काउनेछ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

२०८०।३।२८

सुनिल पाण्डे
वरिष्ठ अधिकृत

बरिष्ठ अधिकृत


Website: www.bandipurmun.gov.np Email: bandipurmunicipality@gmail.com Phone No.: 065-520123, 520177, 520006